नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा र डेभलपमेण्ट बैंकर्स एसोसियसनका पदाधिकारीहरूबीच जेठ २ गते विकास बैंकहरूको समस्या समाधान गर्ने सम्बन्धमा बैंकको केन्द्रीय कार्यालयमा छलफल सम्पन्न भयो ।

उक्त अवसरमा एसोसियसनले नेपाल राष्ट्र बैंकसमक्ष नौ सुत्रीय माग पेश गरेको थियो । एसोसियसनले विकास बैंकहरूले पनि नोटकोष सञ्चालन गर्ने व्यवस्था, प्रतितपत्र कारोबार, शेयर निष्काशन बैंक (Banker to the Issue) को कार्य गर्न पाउनुपर्ने माग गरेको छ ।

छलफलका क्रममा एसोसियनसका अध्यक्ष श्री झपटबहादुर बोहराले मोफसलमा कारोबार सञ्चालन गरिरहेका विकास बैंकहरूमाथि बैधानिक तरलता अनुपात (SLR) कायम गर्न नसकेको कारण लागेको हर्जाना मिनाहा गर्न र विकास बैंकले जारी गर्ने बैंक ग्यारेन्टीलाई सरकारी मान्यता प्रदान गर्ने लगायतका व्यवस्था मिलाउन आग्रह गर्नुभयो ।

एसोसियसनको माग सम्बन्धमा गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकले नियमनको दायराभित्र रहेर विचार गर्न सकिने कुरा व्यक्त गर्नुभयो ।

गभर्नरको कार्यालय